

# बार्षिक प्रतिवेदन

## आर्थिक वर्ष २०८०/०८१

# पुष्पलाल इन्भेष्टमेन्ट कम्पनी लि.

## Puspalal Investment Co. Ltd

बिर्तामोड ५, झापा

# पुष्पलाल इन्भेष्टमेन्ट कम्पनी लि.
# संचालक समिति



लाल प्रसाद साँवा लिम्बु
अध्यक्ष



नारायण प्रसाद पोखेल
प्रबन्ध संचालक



त्रिलोचन सापकोटा
संचालक



लोक बहादुर रोक्का
संचालक



अग्नी प्रसाद दुलाल
संचालक



यसोदा चापागाँइ
संचालक



चन्द्र प्रसाद संग्रौला
संचालक

# पुस्तिकामा समाविष्ट सामाग्रीहरु

| क्र.स. | विवरण |
|---|---|
| १. | वार्षिक साधारणसभाको सुचना |
| २. | वार्षिक साधारणसभा सम्बन्धि सामान्य जानकारीहरु |
| ३ | प्रोक्सी फाराम तथा प्रवेश पत्र |
| ४. | अध्यक्षको मन्तव्य |
| ५. | लेखापरीक्षकको प्रतिवेदन |
| ६. | वासलात |
| ७. | नाफा नोक्सान तथा नाफा नोक्सान बाँडफाँड हिसाब |
| ८. | नगद प्रवाह विवरण |
| ९. | इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण |
| १०. | अनुसुचीहरु |

कम्पनी ऐन २०६३ अर्न्तगत स्थापित(शेयर सिमित दायित्व)

पुष्पलाल इन्भेष्टमेन्ट कम्पनी लिमिटेड

विर्तामोड न.पा. वडा नं. ५, झापा

**चौथौ बार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना**

यस पुष्पलाल इन्भेष्टमेन्ट कम्पनी लिमिटेडको मिति २०८१/०८/२८ मा बसेको संचालक समितिको बैठकको निर्णयानुसार कम्पनीको चौथौ बार्षिक साधरण सभा निम्न मिति समय र स्थानमा निम्न बिषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले सम्पुर्ण शेयरधनी महानुभावहरुको जानकारीको यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति,स्थान र समय**

मिति : २०८१/०९/२० ( January 4 , 2025), शनिबार

स्थान : सामुदायीक अध्यायन केन्द्र, सिवसताक्षी न. पा. वडा न. - ११, दुधे, झापा

समय : दिनको ११:०० बजे देखि ।

**छलफलका प्रस्तावहरु :**

सामान्य प्रस्तावहरु :

१. आ.व.२०८०/०८१ को अध्यक्षज्यूको कार्य प्रगति प्रतिवेदन सम्बन्धमा ।

२. आ.व.२०८०/०८१ को वार्षिक लेखापरीक्षण प्रतिवेदन, अनुसुची सहितको वित्तीय विवरणहरु अनुमोदन गर्ने सम्बन्धमा ।

३. आगामी आर्थिक वर्ष २०८१/०८२ को लागि लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

४. संचालक समितिले गरेका निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा ।

५. संचालक समितिको चयन गर्ने सम्बन्धमा ।

६. विविध सम्बन्धमा ।

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव

## वार्षिक साधारणसभा सम्बन्धी सामान्य जानकारीहरुः

१. वार्षिक साधारणसभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने प्रमाण कागज वा शेयर प्रमाणपत्र साथमा लिई आउनु हुन अनुरोध छ ।

२. सम्पूर्ण सेयरधनी महानुभावहरुको जानकारीका लागि कम्पनीको संक्षिप्त आर्थिक विवरण यसै सुचनासँग प्रकाशित गरिएको छ । पठाउन नसकिएको अवस्थामा साधारणसभा स्थलमै पनि उपलब्ध गराइनेछ ।

३. सभामा आफु उपस्थित नभई प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सभा शुरु हुने समय भन्दा कम्तीमा २४ घण्टा अगावै यस कम्पनीको केन्द्रिय कार्यालय, विर्तामोड ५, झापामा प्रोक्सी फाराम दर्ता गरिसक्नुपर्नेछ । नियुक्त प्रोक्सी सभामा आउन नसक्ने भइ अर्कोलाइ नियुक्त गर्नु पर्ने भएमा सोही अवधिमा कार्यालयमा जानकारी गराउनु पर्नेछ । कम्पनीको सेयरधनीभन्दा अन्य व्यक्तिलाई प्रोक्सी दिन पाइनेछैन ।

४. संरक्षकको हैसियतका व्यक्तीहरुले सभामा भाग लिन तथा प्रोक्सी नियुक्त गर्न पाउनेछन् ।

५. संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ती वा सर्वसम्मतीबाट प्रोक्सी नियुक्त गरिएको एक व्यक्तीले सभामा भाग लिन पाउनेछ ।

६. संगठित संस्था सेयरधनी रहेकोमा संस्थाको प्रतिनिधी वा निजले नियुक्त गरेको प्रोक्सीले मतदान गर्न पाउने छ ।

७. प्रबन्ध पत्र तथा नियमावलीमा भएको व्यवस्था बमोजिमको योग्यता भएको व्यक्ती संचालक पदको उम्मेदवार हुनेछ ।

८. निर्वाचन गर्नुपर्ने अवस्था आइपरेमा निर्वाचन अधिकृतले तोकेको प्रकिया बमोजिम निर्बाचन हुनेछ ।

९. सेयरधनी महानुभावहरुको सुविधाका लागि सभास्थलमा सभा हुने दिन बिहानको १० बजेदेखि शुरु हुनेछ ।

**संचालक समितिको आज्ञाले**

**कम्पनी सचिव**

# साधारणसभामा आफ्नो प्रतिनिधि नियुक्त गर्ने निवेदन (प्रोक्सी फाराम)

**(कम्पनी ऐन २०६३ को दफा ७१ को उपदफा ३ सँग सम्बन्धित)**

श्री संचालक समिति
पुष्पलाल इन्भेष्टमेन्ट कम्पनी लि.
विर्तामोड, झापा ।

**<u>विषयः प्रतिनिधि नियुक्त गरेको बारे ।</u>**

महाशय,

उपर्युक्त सम्बन्धमा ......................जिल्ला, ....................... म.न.पा./न.पा./गा.पा./ वडा नं. .... बस्ने म/हामी ......................................ले त्यस कम्पनीको शेयरधनीको हैसियतले २०८१ साल पुस महिना २० गतेका दिन हुन गइरहेको साधारण सभामा स्वयम् उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएको हुँदा उक्त सभामा भागलिन तथा मतदान समेत गर्नुपर्नेमा सो समेत गर्न म/हाम्रो सट्टामा .......................जिल्ला, ....................... म.न.पा./न.पा./गा.पा./ वडा नं........ बस्ने त्यस कम्पनीका सेयरधनी श्री ................................लाई प्रतिनिधि मनोनित गरि पठाएको छु/छौं ।

प्रतिनिधिको व्यक्तीकोः

हस्ताक्षरको नमुनाः

शेयरधनी नं. तथा शेयर प्रमाणपत्रः ................. तथा ................

मिति :

निवेदक

दस्तखतः

नामः

ठेगानाः

शेयर प्रमाणपत्र नं.

सेयर संख्याः

*नोटः यो निवेदन साधारण सभा हुनुभन्दा कम्तीमा २४ घण्टा अगाडि कम्पनीमा दाखिल गराउनु पर्नेछ ।*

# पुष्पलाल इन्भेष्टमेन्ट कम्पनी लि.को
## चौथौं वार्षिक साधारणसभामा
## अध्यक्षज्यूको मन्तव्य

यस पुष्पलाल इन्भेष्टमेन्ट कम्पनी लि.को चौथौं बार्षिक साधारण सभामा उपस्थित हुनु भएका आदरणीय शेयरधनी महानुभावहरु, कम्पनीको निमन्त्रणालाई स्विकार गरी पाल्नु भएका अतिथि महानुभावहरु, कम्पनीमा कार्यरत कर्मचारी साथिहरु लगायत उपस्थित सम्पूर्ण महानुभावहरुलाई संचालक समिति र मेरो व्यक्तीगत तर्फबाट पनि हार्दिक स्वागत गर्न चाहान्छु । कम्पनीको यस साधारण सभामा उपस्थित भएर संचालक समितको तर्फबाट कम्पनीको वार्षिक प्रतिवेदन तथा भावी कार्ययोजना प्रस्तुत गर्ने अवसर पाउँदा मलाई अत्यन्तै खुशी लागेको छ ।

**शेयरधनी महानुभावहरु,**

हामीले वि.सं.२०७० सालमा उर्जाको क्षेत्रमा लगानी गर्ने उद्देश्य लिएर पुष्पलाल मेमोरियल इनर्जी को-अपरेटिभ लिमिटेड दर्ता गरी उर्जा परियोजनाहरुमा लगानी गर्न सुरु गरेका थियौं । जुन बेला देशमा १६/१७ घण्टाको लोडसेडिङ चलिरहेको थियो र उर्जाको मांग र आपूर्तिमा ठूलो खाडल देखा परेको थियो । हामीले पहिलो लगानीको रुपमा अरुण काबेली पावर लिमिटेडमा रु. २ करोड १० लाख लगानी गरेका थियौं । सो कम्पनीले प्राथमिक शेयर निष्काशन गरेर नेपाल स्टक एक्सचेन्जमा सूचिकृत भए पश्चात हामीले सो शेयर बिक्री गरी शेयर सदस्यहरुलाई लाभांश समेत प्रदान गरेका थियौं ।

सहकारी विभागले जारी गरेको ऐन, नियमावलीले सहकारीहरुले कुनै पनि कम्पनीको शेयरमा लगानी गर्न नमिल्ने व्यवस्था गरेपछि यस कम्पनीले लिएको उद्देश्य अनुरुप कार्य गर्न कठिनाई भएको हुँदा पुष्पलाल मेमोरियल इनर्जी को-अपरेटिभ लिमिटेडलाई बन्द गरी पुष्पलाल इन्भेष्टमेन्ट लिमिटेड कम्पनी खोली कार्य गर्दै आई रहेको अवस्था छ । पुष्पलाल मेमोरियल इनर्जी को-अपरेटिभ लिमिटेडले दोस्रो लगानीका रुपमा साहस उर्जा लिमिटेडमा रु. ६० लाख १० हजार लगानी गरेको थियौं । साहस उर्जा लिमिटेडले सोलुखुम्बु जिल्लामा ८६ मेगावाटको सोलु खोला (दुधकोशी) आयोजना निर्माण सम्पन्न गरेर राष्ट्रिय प्रशारण लाइनमा जोडिसकेको अवस्था छ । साहस उर्जा लिमिटेडले प्राथमिक शेयर निष्काशन (IPO) जारी गरेर नेपाल स्टक एक्सचेन्जमा सूचिकृत समेत भईसकेको छ । साहस उर्जा लिमिटेडको लक इन पिरियड असोज १६, २०८१ मा समाप्त भएको थियो । हामीले लगानी गरेको सो कम्पनीको लक इन पिरियड सके पछि पुरै लगानी विक्री गरी यस कम्पनीका शेयर धनीहरुलाई ४० प्रतिशत लाभांश समेत दिने घोषणा गरी सकेको जानकारी गरादछु । साहस उर्जा लि. को शेयर विक्रि गर्दा हामीले पूँजीगत लाभकर, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड र ब्रोकरलाई बिक्रि कमिसन बापत जम्मा रु. १७,२५,२७१ (सत्र लाख पच्चिस हजार दुई सय एकहत्तर) भुक्तानी गरेको विषय आफैमा गौरव गर्न लायकको छ ।

**शेयरधनी महानुभावहरु,**

असार मसान्त २०८१ मा यस कम्पनीको चुक्ता पूँजी रु. ३,६०,४९,९०० रहेको छ । यस कम्पनीको अग्रिम शेयर पुँजी रु. १,२०,०१,९३१ रहेको छ र सो शेयर लगानीको शेयर लागत तयार गर्ने कार्य चाडै नै पुरा गरिने जानकारी गराउन चाहन्छु ।

पुष्पलाल इन्भेष्टमेन्ट कम्पनी लि. ले गोरक्ष हाइड्रोपावर लि. को संस्थापक शेयरमा रु.४ करोड ४ लाख लगानी गरेको छ । गोरक्ष हाइड्रोपावर लि.ले धादिङ्ग जिल्लाको रुवीभ्याली गाउँपालिकामा २५.४ मेगावाट क्षमताको सुपर आँखुखोला जलविद्युत आयोजना निर्माण गरीरहेको छ । आयोजनाको सिभिल संरचना निर्माण गर्नका लागि सुनाम इन्फ्रास्ट्रक्चर निमार्ण प्रा. लि लाई ठेक्का प्रदान गरी निर्माण कार्य द्रुत रुपमा अगाडि बढी रहेको छ । आयोजना स्थलसम्म पुग्ने पहुँचमार्ग र पुलहरु निर्माण गरी सकिएको छ । आर्मी क्याम्प तथा बंकर घर निर्माण गरी नेपाली सेना समेत आयोजना स्थलमा परिचालन भई सकेको छ । सिभिल संरचनाको ठेकेदारले आवश्यक क्याम्प तथा कसर प्लान्ट स्थापना गरी हाल सुरुङ्गमार्ग उत्खनन् (Tunnel Excavation ) गर्ने कार्य निरन्तर रुपमा जारी छ । हालसम्ममा करिब ६०० मिटर सुरुङ्गमार्ग उत्खनन् गर्ने कार्य सम्पन्न भई सकेको छ । सुरुङ्गमार्ग उत्खनन् गर्ने कार्य अडिटबाट समेत शुरु भई सकेको जानकारी गराउन्छु। त्यस आयोजनाको इन्टेक रहेको स्थानमा समेत सुरुङ्गमार्ग उत्खनन् शुरु गर्ने तयारी रहेको छ। तिन वटा बेली ब्रिज निर्माण सम्पन्न गरी सकिएको छ । कम्पनीले सो आयोजना December 2025 (पौष २०८२) भित्र निर्माण सम्पन्न गर्ने गरी कार्य अगाडि बढाई रहेको छ ।

गोरक्ष हाइड्रोपावर लि. ले आर्थिक बर्ष २०८०/०८१ को बार्षिक साधारण सभा मार्फत प्राथमिक शेयर निष्काशन (IPO) मा जाने प्रस्तावलाई सर्वसहमतिले पारित गरी निष्काशनको पक्रिया अघि बढाई सकेको छ । आयोजनाको कुल लागत रु. ४ अर्ब ८६ करोड र प्रति मेगावट लागत रु. १९ करोड १३ लाख रहेको छ । आर्थिक र प्राविधिक दृष्टिकोणले आयोजना उपर्युक्त देखिएको छ ।

हाल पुष्पलाल इन्भेष्टमेन्ट कम्पनी लि.मा ४५२ जना संस्थापक शेयरधनीहरुले चार करोड असी लाख एकाउन्न हजार आठ सय एकतिस रुपैयाँ लगानी गर्नु भएको छ । हाल कायम शेयरधनी महानुभावहरुले आफ्नो लगानी वृद्धि गर्न चाहन लगानी थप गर्न सक्नु हुनेछ र थप शेयर लगानीबाट पाप्त भएको रकम वित्तिय र प्राविधिक रुपमा उपयुक्त आयोजनामा लगानी गरिने छ । थप शेयर पूँजी संकलन गर्दै अरु नयाँ आयोजनाहरुमा पनि लगानी गर्दै जाने रणनीति संचालक समितिको रहेको छ ।

**आदरणीय शेयरधनी महानुभावहरु,**

संस्थागत हितको लागि यहाँहरुवाट प्राप्त हुने सृजनात्मक तथा बौद्धिक सल्लाह, सुझावहरुलाई कम्पनीले सदाझैं मार्ग दर्शनका रुपमा लिई अगाडि बढ्नेछ । आ.वं. २०८०/०८१ को संस्थाको वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण लगायत लेखापरीक्षकबाट पेश गरिएको प्रतिवेदन नै अध्ययनका लागि यहाँहरुलाई उपलव्ध गराई सकिएको हुनाले अनुमोदनको लागि प्रस्तुत गर्न चाहन्छौं ।

अन्तमा कम्पनीमाथिको अपार विश्वासका कारण आफ्नो लगानी मार्फत कम्पनीको उद्देश्य पुरा गर्न सहयोग गर्नुहुने सम्पूर्ण शेयरधनी महानुभावहरु, कम्पनी रजिष्ट्रारको कार्यालय, उद्योग विभाग, लगायतका अन्य सम्बद्ध सरकारी तथा गैह्रसरकारी निकायहरु, प्रभावित क्षेत्रका बासिन्दाहरु, लगनशील तथा इमान्दारीताका साथ काम गर्ने कम्पनीका कर्मचारीहरुलाई हृदयदेखि नै धन्यवाद दिन चाहान्छु । आफ्नो अमूल्य समय दिई हौसला बढाइदिनु भएकोमा यहाँ उपस्थित सम्पूर्ण महानुभावहरुर्लाइ धन्यवाद दिन चाहान्छु ।

## धन्यवाद !!

**लालप्रसाद साँवा लिम्बू**
**संचालक अध्यक्ष**

# गोरक्ष हाइड्रोपावर लि. ले बनाउदै गरेको आयोजनाको तस्बिरहरु

## इन्लेट पोर्टलबाट सुरुङ्गमार्ग उत्खनन् कार्य हुँदै



# अडिट पोर्टल तयार भई सुरुङ्गमार्ग उत्खनन् कार्यको तयारी



<u>क्याम हायउ निर्माण कार्य</u>



<u>आयोजनामा प्रयोग हुने सामाग्री उत्पादन गर्ने क्रसर</u>



## अडिटबाट सुरुङ्ग उत्खनन् कार्य



**हेडवर्क्र्समा फोल्डबाल कार्य**



# पावरहाउस ड्रिलिङ्ग कार्य



**इन्टेकमा तयार गरिएको ब्रिज**



## अडिटमा तयार गरिएको बेली ब्रिज



**लिङलिङ ग्याप झारलाङ्गमा तयार गरिएको ब्रिज अडिटमा तयार गरिएको बेली ब्रिज**



DHUNDI RAJ & C0.
Registered Auditor
Firm Reg. No : 2407 COP No : 1987"Kha"
Butwal Sub Metropolitan -9, Rupandehi
Phone no : 98570-31774
PAN NO : 300983951

ढुण्डीराज एण्ड कम्पनि.
रजिष्टर्ड लेखापरीक्षक
फर्म दर्ता नं. : २४०७, कोप नं. : "ख" १९८७
बु.उ.म.न.पा.- ९, रुपन्देही ।
फोन नं : ९८५७०-३१७७४

# पुष्पलाल इनभेष्टमेन्ट कम्पनी लिमिटेडका
## शेयरधनी महानुभावहरु समक्ष
## लेखापरीक्षकको प्रतिवेदन

१. हामीले पुष्पलाल इनभेष्टमेन्ट कम्पनी लिमिटेड, विर्तामोड न.पा.-५, झापाको २०८१ आषाढ मसान्तको वासलात र सो मितिमा समाप्त भएको आर्थिक वर्ष २०८०/८१ को आय (नाफा-नोक्सान हिसाव) विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं । वित्तीय विवरणहरु प्रतिको उत्तरदायित्व व्यवस्थापनमा रहेको छ । व्यवस्थापनले तयार गरेको ती वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा आफ्नो मन्तव्य जारी गर्नु हाम्रो उत्तरदायित्व हो ।

२. लेखापरीक्षणको नेपालमा मान्य लेखा सिद्धान्तका आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । वित्तीय विवरण सारभुतरुपमा गलत आंकडा रहति छ भन्ने कुरामा विश्वस्त हुनको लागि लेखापरीक्षण योजना तयार गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्नु पर्दछ । वित्तीय विवरणमा उल्लेखित रकम र खुलाइएका अन्य विवरणलाई पुष्ट्याई गर्ने प्रमाणको छड्के परीक्षण समेत लेखापरीक्षणमा समावेश हुन्छ। संस्थाले अवलम्वन गरेको लेखा सिद्धान्त, व्यवस्थापनले गरेका महत्वपूर्ण अनुमान एवं वित्तीय प्रस्तुतीको समग्र स्थितिको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ । लेखापरीक्षणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

३. उपरोक्त आधारमा लेखापरीक्षण सम्पन्न गर्दा प्रमुखरुपमा देहायको कुरा देखिएको छ ।
   क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेको सूचना र स्पष्टिकरण उपलब्ध भएका छन् ।
   ख) यस प्रतिवेदन साथ संलग्न वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाह विवरण र तत्सम्वन्धी अनुसूचिहरु संस्थाले राखेको श्रेस्ता तथा हिसाव कितावसग दुरुस्त छन् ।
   ग) हाम्रो रायमा संस्थाले आफ्नो श्रेस्ता तथा हिसाव किताव प्रचलित कानून वमोजिम राखेको छ ।
   घ) हाम्रो रायमा र हामीले जानेबुझे सम्म तथा हामीलाई प्राप्त सूचना तथा स्पष्टिकरण र हामीले लेखापरीक्षण गरेको आधारमा संस्थाको सञ्चालक समिति वा कुनै सञ्चालक वा संस्थाको कुनै कर्मचारीले ऐन कानून विरुद्ध लेखासम्वन्धी कुनै काम गरेको वा संस्थालाई कुनै हानीनोक्सानी वा वेहिसाव गरेको पाइएन ।

४. हाम्रो रायमा संलग्न वित्तीय विवरणले २०८१ आषाढ मसान्तको वित्तीय स्थिति र सो मितिमा समाप्त भएको आर्थिक वर्षको सञ्चालन नतिजाको यथार्थ चित्रण गरेको र सो नेपालमा मान्य लेखा सिद्धान्त अनुसार तयार गरिएको हामीलाई लागेको छ ।

मिति : ११/०९/२०८१
स्थान : विर्तामोड न.पा.०५,झापा ।

( ढुण्डीराज रेग्मी)
रजिष्टर्ड लेखापरीक्षक

Dhundi Raj and Company * Butwal-9, Rupandehi, Nepal * 1987

पुष्पलाल इन्भेष्टमेन्ट कम्पनी लि.

बिर्तामोड नगरपालिका – ०५, झापा

प्रमुख लेखा निति तथा टिप्पणीहरु

आ.व २०८०/८१

**१) संस्थाको सामान्य परिचय**

श्री पुष्पलाल इन्भेष्टमेन्ट कम्पनी लिमिटेड नाफामुलक व्यवसाय हो, जुन कम्पनी ऐन २०६३ बमोजिम कम्पनी लिमिटेड कम्पनी संम्वत् २०७७ साल ११ महिना २५ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको छ | जसको दर्ता नं २५८४०६/०७७/०७८ हो | मिति २०७७/१२/२० मा आन्तरिक राजस्व बिभाग भद्रपुरमा दर्ता गरि ६०९९६१५११ पान नं प्राप्त गरेको छ संम्स्थाको मुख्य उदेश्य विभिन्न कम्पनी र हाइड्रोपावर कम्पनी हरुमा लगानी गर्ने, शेयर खरिद बिक्रि गर्ने रहेको छ | हाल यो संस्था बिर्तामोड नगरपालिका वडा नं ०५, झापा जिल्लामा संचालन गरिरहेको छ |

**२) वित्तीय विवरण तयारीको आधार**

२.१ सम्बन्धित मानहरुको पालना

यस संस्थाको वित्तीय विवरण, जसले २०८१ साल आषाढ मसान्तको वित्तीय स्थिति विवरण, सो मितिमा समाप्त भएको आर्थिक वर्ष २०८०/०८१ को आय व्यय विवरण, नगद प्रवाह विवरण, कोषमा भएका परिवर्तन तथा वित्तीय विवरणहरुसंग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरु, नेपाल लेखामान बोर्डद्वारा जारि भएको नाफामुलक व्यवसायलाइ नेपाल लेखामान (NAS) अनुसार लागु हुने हदसम्म पालना भएको छ |

२.२ मापनको आधार

संस्थाले वित्तीय विवरणहरु ऐतिहासिकलागतको आधारमा सम्पत्तिहरू, दायित्वहरु र कोषहरुको मापन गरि तयार गरेको छ |

२.३ रकमको मुद्रा र पैसाको रकामानन्तर

वित्तीय विवरणमा रकमहरु नेपाली रुपैयामा प्रस्तुत गरिएको छ | पैसालाई नजिकको रुपैयामा लगेर लेखाङ्कन गरिएको छ |

२.४ लेखा नीतिहरुमा भएको परिवर्तन र खुलासाहरु

संस्थाले विगतका वर्षहरुमा झैँ लेखा नीतिहरु स्थिर रुपमा लागु गरेको छ |

२.५ महत्वपुर्ण लेखा निर्णय, अनुमान र मान्यताहरु

वित्तीय विवारणहरुको तयारीका लागि केहि महत्वपुर्ण लेखा अनुमान र निर्णयहरुको प्रयोग आवश्यक पर्न सक्दछ |

२.६ अविच्छिन्न संचालन ( Going Concern )

संस्थाको वित्तीय विवरण, अविच्छिन्न संचालन निकायको अवधारणालाइ आधार मानि तयार गरिएको छ |

३) प्रमुख लेखा नीतिहरु

३.१ जायजेथा, प्लान्ट र उपकरण

क. पुँजीकरण गर्ने नीति, लागत र मुल्याङ्कन

१ वर्ष पछि सम्म पनि आर्थिक लाभ दिने अनुमान भएको र रु २००० माथिको खरिद वा खर्चलाई मात्र पुँजीकरण गर्ने नीति रहेको छ | जायजेथा, प्लान्ट र उपकरणका सबै सम्पत्तिहरू शुरुमा लागतमा नै लेखाङ्कन गरिन्छ र त्यसपछि लागतबाट सचित हासकट्टी घटाएर

देखाइन्छ | संस्थाको भवन आफ्नै प्रयोजनका लागि प्रयोग गरेकाले लगानी सम्पत्तिमा नराखी जायजेथा, प्लान्ट र उपकरणमा राखिएको छ |

ख. हासकट्टी

संस्थाले नेपाल लेखामान अनुसारको समदरमा हासकट्टी नगरी घट्दो कट्टी दर (Diminishing Method ) अनुसार गरिएको छ | सम्पत्तिमा हास कट्टी आयकर ऐन २०५८ को अनुसूची २ मा व्यवस्था भए अनुसारका दरले गणना गरिएको छ |

३.२ अमुर्त सम्पत्ति

अमुर्त सम्पतिलाई शुरुमा लागतमा नै लेखाङ्कन गरिन्छ र्व त्यसपछि लागतबाट सचित amortization घटाएर देखाइन्छ | संस्थाको भवन आफ्नै प्रयोजनका लागि प्रयोग गरेकाले लगानी सम्पत्तिमा नराखी जायजेथा, प्लान्ट र उपकरणमा राखिएको छ | लेखा सफ्टवेवरको आयु १० वर्ष मानि बराबर रकम प्रत्येक वर्ष amortization मा देखाउने नीति रहेको छ |

३.३ नगद र नगद सरह

संस्थाले नगद र नगद सरहमा नगद मौज्दात, विभिन्न बैंकहरुमा रहेको बैंक मौज्दात, हिसाब मिलान पछिको र छोटो अवधिका बचत ( जुन ३ महिनाभित्र फिर्ता हुन्छ ) लाइ राख्ने नीति रहेको छ |

३.४ मौज्दात

मौज्दातको लागत वा उचित मूल्य जुन कम हुन्छ, सोहि रकम नै मौज्दातको मुल्याङ्कन गरि लेखाङ्कन गर्ने नीति रहेको छ | मौज्दातको लागत चाहि पहिलो प्राप्त भएको सामान (मौज्दात ) पहिले नै नि सरग हुन्छ (First In First Out, FIFO) भन्ने आधारमा गरिने नीति रहेको छ |

३.५ व्यवस्थाहरु

यस संस्थाको कुनै पनि शिषकमा अनुमानित खर्च व्यवस्था गरिने नीति रहेको छैन|

३.६ कर्मचारी लाभ दायित्वहरु

यस संस्थामा आवद्ध कर्मचारीहरुको बिमा, औषधी उपचार खर्च, सचित विदा वापतको रकम मासीक रुपमा भुक्तानी दिनुपर्ने नीति रहेको छैन |

३.७ ऋण तथा तिर्नुपर्ने दायित्व

संस्थाको ऋण तथा दायित्व लागतमा नै लेखाङ्कन गर्ने नीति रहेको छ |

३.८ कोषहरुको गठन, प्राप्त र सदुप्रयोग वा खर्च

संस्थामा प्रत्येक वर्षको खुद वचत वा नोक्सानको रकम संचित बचत तथा जगेडा कोमा थप घट गर्ने नीति रहको छ |

३.९ अनुदान र सब्सिडीहरु

संस्थामा प्राप्त भएको नगद अनुदान सम्बन्धि कुनै पनि लेखाङ्कन प्रोदभावी आधार गर्ने नीति रहेको छ |

३.१० आम्दानी लेखाङ्कन

संस्थामा गरेको आम्दनिहरुको लेखाङ्कन प्रोदभावी आधार गर्ने नीति रहेको |

३.११ खर्चको लेखाङ्कन

संस्थामा गरेको खर्चहरुको लेखाङ्कन प्रोदभावी आधार गर्ने नीति रहेको |

३.१२ कर

संस्थाको आयकर व्यवस्था आयकार ऐन बमोजिम गर्ने नीति रहेको छ |

३.१३ ऋणको लागत

पुँजीगत सम्पत्ति बनाउन, खरिद गर्न लिइएको ऋणको ब्याज पुँजीकरण गर्ने नीति नरहेका छैन |

PUSHPALAL INVESTMENT COMPANY LTD.
ESTD:2077
BIRTAMODE-5, JHAPA

पुष्पलाल इन्भेष्टमेन्ट कम्पनी लि.
बिर्तामोड नगरपालिका-५, झापा, नेपाल
आषाढ ३१, २०८१ को
**वासलात**

| विवरण | अनुसूची | आ. व. २०८०.०८१ | आ. व. २०७९.०८० |
|---|---|---|---|
| **पुँजी तथा दायित्व हिसाब** | | | |
| चुक्ता पुँजी | १ | ३६,०४९,९०० | ३६,०४९,९०० |
| जगेडा तथा संचित मुनाफा कोष | २ | (२,८९३,४३२) | (१,०४३,४३२) |
| अग्रिम शेयर पुजी | ३ | १२,००१,९३१ | १०,६१५,९३१ |
| **दायित्व हिसाब** | | | |
| भुक्तानी दिनुपर्ने हिसाब | ४ | १,५५३,९३८ | १,०८९,९३८ |
| **जम्मा** | | ४६,७१२,३३७ | ४६,७१२,३३७ |
| **सम्पत्ति तथा जायदात हिसाब** | | | |
| सम्पत्ति हिसाब | | - | - |
| लगानी हिसाब | ५ | ४०,४००,००० | ४०,४००,००० |
| पाउनु पर्ने हिसाब | | - | - |
| बैक हिसाव | ६ | ३०२,३३७ | ३०२,३३७ |
| नगद मौज्दात | ७ | ६,०१०,००० | ६,०१०,००० |
| **जम्मा** | | ४६,७१२,३३७ | ४६,७१२,३३७ |

हाम्रो आजको मितिको संलग्न प्रतिवेदनको आधारमा

नारायण प्रसाद पोखरेल
प्रबन्धक/निर्देशक

टेकनाथ कडरीया
लेखापाल

लाल प्रसाद साँवा लिम्बु
अध्यक्ष

दुण्डीराज एण्ड कम्पनी
रजिष्टर्ड अडिटर
लेखापरीक्षक

PUSHPALAL INVESTMENT COMPANY LTD. ESTD:2077 BIRTAMODE-5, JHAPA

Dhundi Raj and Company 1987 Butwal-9, Rupandehi, Nepal

बिर्तामोड
मिति २०८१/०८/२७

पुष्पलाल इन्भेष्टमेन्ट कम्पनी लि.
बिर्तामोड नगरपालिका-५, झापा, नेपाल
आषाढ ३१, २०८१ को
**नाफा वा नोक्सान हिसाब**

| विवरण | अनुसूची | आ. व. २०८०.०८१ | आ. व. २०७९.०८० |
|---|---|---|---|
| वित्तिय लगानी बाट आम्दानी | ८ | – | – |
| बैंक ब्याज आम्दानी () | ९ | – | – |
| अन्य आम्दानी | १० | – | २९,९०६ |
| कुल सञ्चालन आम्दानी | | – | २९,९०६ |
| सञ्चालन खर्च | ११ | १,७८२,००० | ३५२,००० |
| मर्मत तथा सम्भार खर्च | १२ | ६८,००० | – |
| ह्रासकट्टी खर्च | | – | – |
| जम्मा खर्च | | १,८५०,००० | ३५२,००० |
| संचालन बचत वा (नोक्सान) | | (१,८५०,०००) | (३२२,०९४) |
| कर्मचारी बोनस व्यवस्था | | – | – |
| आयकर व्यवस्था अधिको बचत वा (नोक्सान) | | (१,८५०,०००) | (३२२,०९४) |
| आयकर व्यवस्था | | – | – |
| खुद बचत (नोक्सान) | | (१,८५०,०००) | (३२२,०९४) |

हाम्रो आजको मितिको संलग्न प्रतिवेदनको आधारमा

नारायण प्रसाद पोखरेल
प्रबन्धक/निर्देशक

लाल प्रसाद साँवा लिम्बु
अध्यक्ष

दुण्डीराज एण्ड कम्पनी
रजिष्टर्ड अडिटर
लेखापरीक्षक

टेकनाथ कडरीया
लेखापाल

PUSHPALAL INVESTMENT COMPANY LTD. ESTD:2077 BIRTAMODE-5, JHAPA

Dhundi Raj and Company 1987 Butwal-9, Rupandehi, Nepal

पुष्पलाल इन्भेष्टमेन्ट कम्पनी लि.
बिर्तामोड नगरपालिका-५, झापा, नेपाल
आषाढ ३१, २०८१ को
**नगद प्रवाह विवरण**

| विवरण | आ. व. २०८०.०८१ | आ. व. २०७९.०८० |
|---|---|---|
| **क) संचालन गतिविधिबाट नगद प्रवाह** | | |
| आय कर पछिको खुद नाफा (नोक्सानी) | (१,८५०,०००) | (३२२,०९४) |
| ह्रस कट्टी | – | – |
| तिर्नुपर्ने हिसाबमा थप वा (घट) | ४६४,००० | ३५२,००० |
| पाउनुपर्ने हिसाबमा (थप) वा घट | – | – |
| कोषमा थप वा (घट) | – | – |
| अन्य दायित्वमा (ह्रस) बृद्धी | – | – |
| कर्जा सापटमा (बृद्धी) ह्रस | – | – |
| **संचालन गतिविधिबाट नगद प्रवाह** | (१,३८६,०००) | २९,९०६ |
| **ख) लगानी गतिविधिबाट नगद प्रवाह** | | |
| लगानी (बृद्धी) ह्रस | – | – |
| स्थिर सम्पति बिक्रि (खरिद | – | – |
| **लगानी गतिविधिबाट नगद प्रवाह** | – | – |
| **ग) वित्तीय गतिविधिबाट नगद प्रवाह** | | |
| शेयर पुजिमा बृद्धी | – | – |
| अग्रिम शेयर पूँजी | १,३८६,००० | |
| **वित्तीय गतिविधिबाट नगद प्रवाह (ग)** | १,३८६,००० | – |
| **खुद नगद प्रवाह (क)+(ख)+(ग)** | – | २९,९०६ |
| **नगद तथा बैंकको शुरु मैज्दात** | ३०२,३३७ | २७२,४३१ |
| **नगद तथा बैंकको अन्तिम मौज्दात** | ३०२,३३७ | ३०२,३३७ |

हाम्रो आजको मितिको संलग्न प्रतिवेदनको आधारमा

नारायण प्रसाद पोखरेल
प्रबन्धक/निर्देशक

लाल प्रसाद साँवा लिम्बु
अध्यक्ष

दुण्डीराज एण्ड कम्पनी
रजिष्टर्ड अडिटर
लेखापरीक्षक

टेकनाथ कडरीया
लेखापाल

PUSHPALAL INVESTMENT COMPANY LTD. ESTD:2077 BIRTAMODE-5, JHAPA

Dhundi Raj and Company 1987 Butwal-9, Rupandehi, Nepal

**पुष्पलाल इन्भेष्टमेन्ट कम्पनी लि.**
बिर्तामोड नगरपालिका-५, झापा, नेपाल
आषाढ ३१, २०८१ को
**इक्वीटि परिवर्तनको विवरण**

| विवरण | शेयर पुँजि | जगेडा कोष | जम्मा |
|---|---|---|---|
| अषाढ ३२ २०७९ को मौज्दात | ३६,०४९,९०० | (७२१,३३८) | ३५,३२८,५६२ |
| समायोजन | - | - | - |
| यस बर्षको नाफा वा नोक्सान | - | (३२२,०९४) | (३२२,०९४) |
| शेयर जारी | - | - | - |
| अषाढ ३१ २०८० को मौज्दात | ३६,०४९,९०० | (१,०४३,४३२) | ३५,००६,४६८ |
| समायोजन | - | - | - |
| यस बर्षको नाफा वा नोक्सान | - | (१,८५०,०००) | (१,८५०,०००) |
| शेयर जारी | - | - | - |
| अषाढ ३१ २०८१ को मौज्दात | ३६,०४९,९०० | (२,८९३,४३२) | ३३,१५६,४६८ |

नारायण प्रसाद पोखरेल
प्रबन्धक/निर्देशक

लाल प्रसाद साँवा लिम्बु
अध्यक्ष

दुण्डीराज एण्ड कम्पनी
रजिष्टर्ड अडिटर
लेखापरीक्षक

टेकनाथ कडरीया
लेखापाल

PUSHPALAL INVESTMENT COMPANY LTD. ESTD:2077 BIRTAMODE-5, JHAPA

Dhundi Raj and Company 1987

पुष्पलाल इन्भेष्टमेन्ट कम्पनी लि.
बिर्तामोड नगरपालिका-५, झापा, नेपाल
आषाढ ३१, २०८१ को

वासलात र नाफा वा नोक्सान हिसाब विवरणको विभिन्न अनुसुचीहरु

शेयर पुजी कोष

अनुसूची १

| विवरण | | आ. व. २०८०.०८१ | आ. व. २०७९.०८० |
|---|---|---|---|
| अधिकृत शेयर पुंजी | | | |
| १०००००० शेयर रु.१०० का दरले | | १००,०००,००० | १००,०००,००० |
| जारी शेयर पुंजी | | | |
| १०००००० शेयर रु.१०० का दरले | | १००,०००,००० | १००,०००,००० |
| चुक्ता शेयर पुंजी | | | |
| चुक्ता शेयर पुंजी रकम | | ३६,०४९,९०० | ३६,०४९,९०० |
| जम्मा चुक्ता शेयर पुंजी | | ३६,०४९,९०० | ३६,०४९,९०० |

PUSHPALAL INVESTMENT COMPANY LTD. ESTD:2077 BIRTAMODE-5, JHAPA

Dhundi Raj and Company 1987 Butwal-9, Rupandehi, Nepal

## पुष्पलाल इन्भेष्टमेन्ट कम्पनी लि.

बिर्तामोड नगरपालिका-५, झापा, नेपाल

### वासलात तथा नाफा नोक्सान खातासँग सम्बन्धित अनुसूचीहरु

जगेडा तथा संचित मुनाफा कोष — अनुसूची २

| विवरण | आ. व. २०८०.०८१ | आ. व. २०७९.०८० |
|---|---|---|
| गत बर्षको अ.ल्या | (१,०४३,४३२) | (७२१,३३८) |
| यस बर्षको मुनाफा तथा (घाटा) | (१,८५०,०००) | (३२२,०९४) |
| अन्य थप तथा (फिर्ता) | – | – |
| जम्मा | (२,८९३,४३२) | (१,०४३,४३२) |

| अग्रिम शेयर पूँजी | | अनुसूची ३ |
|---|---|---|
| विवरण | आ. व. २०८०.०८१ | आ. व. २०७९.०८० |
| अग्रिम शेयर पूँजी | १२,००१,९३१ | १०,६१५,९३१ |
| जम्मा | १२,००१,९३१ | १०,६१५,९३१ |

भुक्तानी दिनुपर्ने हिसाब — अनुसूची ४

| विवरण | आ. व. २०८०.०८१ | आ. व. २०७९.०८० |
|---|---|---|
| घरभाडा कर | १,२०० | १,२०० |
| लेखापरिक्षण शुल्क | १५,००० | १५,००० |
| सासु कर | १३,८६० | ३,००० |
| लेखापरिक्षण टि.डि.एस. | २,२५० | २,२५० |
| अन्य तिर्न पर्ने हिसाब | १,५२१,६२८ | १,०६८,४८८ |
| जम्मा | १,५५३,९३८ | १,०८९,९३८ |

लगानी हिसाब — अनुसूची ५

| विवरण | आ. व. २०८०.०८१ | आ. व. २०७९.०८० |
|---|---|---|
| गोरक्ष हाइड्रोपावर लि. | | |
| शेयर लगत कायम भएको | ३७,४००,००० | ३७,४००,००० |
| शेयर लगत कायम हुन बाँकी | ३,०००,००० | ३,०००,००० |
| जम्मा | ४०,४००,००० | ४०,४००,००० |

बैंक हिसाब — अनुसूची ६

| विवरण | आ. व. २०८०.०८१ | आ. व. २०७९.०८० |
|---|---|---|
| माछापुच्छ्रे बैंक लिमिटेड | ३०२,३३७ | ३०२,३३७ |
| जम्मा | ३०२,३३७ | ३०२,३३७ |

PUSHPALAL INVESTMENT COMPANY LTD. ESTD:2077 BIRTAMODE-5, JHAPA
... Raj and Company 1987 Butwal-9, Rupandehi

पुष्पलाल इन्भेष्टमेन्ट कम्पनी लि.

बिर्तामोड नगरपालिका-५, झापा, नेपाल

वासलात तथा नाफा नोक्सान खातासँग सम्बन्धित अनुसूचीहरु

नगद मौज्दात अनुसूची ७

| विवरण | आ. व. २०८०.०८१ | आ. व. २०७९.०८० |
|---|---|---|
| नारायण प्रसाद पोखरेल | २,०१०,००० | २,०१०,००० |
| राम चन्द्र अर्याल | २,०००,००० | २,०००,००० |
| चन्द्र प्रसाद संग्रौला | २,०००,००० | २,०००,००० |
| जम्मा | ६,०१०,००० | ६,०१०,००० |

वित्तिय लगानी बाट आम्दानी अनुसूची ८

| विवरण | आ. व. २०८०.०८१ | आ. व. २०७९.०८० |
|---|---|---|
| शेयर लगानीबाट प्राप्त आम्दानी | - | - |
| जम्मा | - | - |

बैंक बाट ब्याज आम्दानी अनुसूची ९

| विवरण | आ. व. २०८०.०८१ | आ. व. २०७९.०८० |
|---|---|---|
| माछा पुच्छरे बैंक बचत खाता | - | - |
| जम्मा | - | - |

अन्य आम्दानी अनुसूची १०

| विवरण | आ. व. २०८०.०८१ | आ. व. २०७९.०८० |
|---|---|---|
| विविध आम्दानी | - | २९,९०६ |
| जम्मा | - | २९,९०६ |

कार्यालय सञ्चालन खर्च अनुसूची ११

| विवरण | आ. व. २०८०.०८१ | आ. व. २०७९.०८० |
|---|---|---|
| कर्मचारी तलब | १,३८६,००० | ३००,००० |
| अफिस भाडा | १२,००० | १२,००० |
| लेखा परिक्षण शुल्क | १५,००० | १५,००० |
| कम्पनी दर्ता नविकरण खर्च | २५,००० | - |
| यातायात खर्च | ३५,००० | - |
| प्रचारप्रसार खर्च | ५०,००० | - |
| पिन्टिङ खर्च | ६०,००० | |
| वार्षिक साधारण सभा खर्च/अधिवेशन | १५०,००० | २०,००० |
| अन्य विविध खर्च | ४९,००० | ५,००० |
| जम्मा | १,७८२,००० | ३५२,००० |

मर्मत तथा सम्भार खर्च अनुसूची १२

| विवरण | आ. व. २०८०.०८१ | आ. व. २०७९.०८० |
|---|---|---|
| सम्पती तथा अन्य मर्मत खर्च | ६८,००० | - |
| जम्मा | ६८,००० | - |

PUSHPALAL INVESTMENT COMPANY LTD. ESTD:2077 BIRTAMODE-5, JHAPA

Bhandari Raj and Company Butwal-9, Rupandehi